# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स.०७८।०७९
च.न. ४३८

मिति २०७८।४।२०

**बिषय : कक्षा संचालन ।**

श्री सवै माध्यमिक विद्यालय (कक्षा ११ र १२ संचालन भएका)
रत्ननगर , चितवन

प्रस्तुत विषयमा विद्यालयको तहगत संरचना वमोजिम कक्षा १-८ आधारभूत र कक्षा ९-१२ माध्यमिक तह रहेको छ । विद्यालयका कक्षा एउटै समयमा संचालन हुनु पर्ने हुन्छ । कुनै पनि तहको तल्लो कक्षा नभई माथिल्लो कक्षा मात्र संचालन गर्नु खोजिनु सान्दर्भिक रहदैन । नगर शिक्षा समितिको मिति २०७७०३।३१ वैठकवाट कक्षा ११ को कक्षा संचालन दिवा समयमा नै संचालन गर्ने निर्णय भए अनुसार २ पटकसम्म सूचना तथा जानकारी गराइ सकिएको छ । केही विद्यालयहरुले हालसम्म पनि विहानी समयमा कक्षा ११ को अध्ययन अध्यापन गराएको पाइएकोले यस नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

नगर शिक्षा समितिको मिति २०७८।०४।१३ को निर्णय अनुसार तपसिल वमोजिम गर्नु गराउनु हुन जानकारी गराउदै यदि यसो नभएमा कक्षा ११ र १२ को अनुमति रद्द गर्ने सम्मको प्रक्रिया अवलम्वन गर्ने गरी भएको निर्णय वमोजिम जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

तपसिल

(क) कक्षा ९ र १० संचालन नभएका माध्यमिक विद्यालयहरुलाई कक्षा ११ र १२ मात्र संचालन गर्न नदिने । त्यस्ता विद्यालयहरुले कक्षा ९ र १० संचालनको अनुमति लिने वा कक्षा १० सम्म संचालन भएका विद्यालय समायोजन गरी कम्तीमा कक्षा ९-१२ संचालन भएको सुनिश्चित शैक्षिक वर्ष २०७९।०८० भित्र गरी सक्ने । उक्त वमोजिम नभएका विद्यालयको कक्षा ११र १२ को अनुमति रद्द गरिने छ ।

ख) कक्षा ११ को कक्षा दिवा समयमा अनिवार्य रुपमा संचालन गर्नु पर्ने र कक्षा १२ पनि दिवा समयमा नै संचालन गर्ने । यदि भौतिक पूर्वाधार विकासका लागि थप समय लाग्ने भए कक्षा ११ दिवा समयमा नै संचालन गर्ने र कक्षा १२ आगामी शैक्षिक वर्ष २०७९।०७८ वाट दिवा समयमा नै संचालन गर्ने गरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित प्रतिवद्धता पेश गर्ने यदि यसो नभए कक्षा ११ र १२ को अनुमति रद्द गरिने छ ।

बद्रीनारायण शर्मा
नगर शिक्षा अधिकारी